का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १३३
- ३१ असार २०७७, बुधबार
- 15 July 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: मंगलबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १७०६१ जना | १०३२८ जना | २९३७३९ | ६६९५ | ३८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ३२ लाख ८० हजार | ७७ लाख ५० हजार | ५ लाख ७६ हजार | ४९ लाख ५२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

### ‘गैरकुटनैतिक, अराजनीतिक र गम्भीर’

# विवादमा बोली

- परराष्ट्रको प्रष्टोक्ति– प्रधानमन्त्रीको अभिव्यक्ति राजनीतिक होइन
- प्रधानमन्त्रीको अभिव्यक्तिले देशको उचाइ बढ्दैनः परराष्ट्र विद्
- भारतीय सत्तारुढ पार्टीको कडा आपत्ति, आस्थाको धरोहरमा प्रहार भएको आरोप

**प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिलाई लिएर मंगलबार दिनभर विभिन्न टिप्पणी भएको छ । परराष्ट्र मामलाका जानकारहरू, भारतीय सत्तारूढ पार्टी देखि स्वयम् सत्तारूढ नेकपाकै नेताहरूले पनि प्रधानमन्त्रीको अभिव्यक्ति प्रति आपत्ति जनाएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार ।

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको विवादास्पद अभिव्यक्तिको प्रष्टोक्ति दिदै यो राजनीतिक विषय नभएको जनाएको छ । मंगलबार परराष्ट्र मन्त्रालयले बक्तव्य जारी गर्दै प्रधानमन्त्री ओलीको अभिव्यक्तिको अर्थ राजनीतिक नभएको जनाएको छ । मन्त्रालयको बक्तव्यमा उल्लेख छ, “प्रधानमन्त्रीको अभिव्यक्ति अयोध्यादको महत्व र यसको सांस्कृतिक मूल्यको अवमूल्यन गर्नका लागि थिएन ।”

तर, परराष्ट्रका जानकारहरु भने प्रधानमन्त्रीको बक्तव्य परराष्ट्र मन्त्रालयको बक्तव्यले खण्डन योग्य नभएको बताउँछन् । पूर्व राजदूत दीपकुमार उपाध्यय दुई देशका सरकार बीच मात्रै नभएर यसले जनताको तहमा असर पारेको बताउँछन् । उनी भन्छन्, “प्रधानमन्त्रीको तहले बोल्ने भाषा होइन । धर्म राजनीति र कुटनीति भन्दा माथि हुन्छ ।” उनी प्रधानमन्त्रीबारे सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले नै सोच्ने बेला आएको बताउँछन् ।




*भानुभक्त जयन्तीका अवसरमा मदन भण्डारी कला साहित्य प्रतिष्ठानले प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली । तस्वीर सौजन्य : प्रधानमन्त्रीको सचिवालय*

सोमबार भानु जयन्तीको अवसरमा प्रधानमन्त्री ओलीले रामको जन्मस्थल भारत नभई नेपालकै पर्साको ठोरी भएको बताएका थिए । प्रधानमन्त्रीले भारतले मान्दै आएको अयोध्या सक्कली नभएको बताएका थिए । प्रधानमन्त्री ओलीले जनकपुरका सिताको विहे भारतमा हुन नसक्ने बताएका थिए ।

उनको भनाइबारे परराष्ट्र मामलाका जानकारहरुले मात्रै नभएर स्वयम सत्तारुढ नेकपाकै नेताहरुले समेत आश्चार्य व्यक्त गरेका थिए । विदेश विभाग उपप्रमुख राम कार्की प्रधानमन्त्रीको अभिव्यक्तिले भारतीय जनताको भावनामा असर पुग्ने बताए । कार्की यस्तो अभिव्यक्तिबारे छलफल हुनुपर्ने आवश्यकता देख्छन् । उनी अहिले नेपालले जारी गरेको नयाँ नक्सामा समेटिएको भूगोल फिर्ता ल्याउनेबेला दिइएको अभिव्यक्तिलाई अस्वभाविक मान्छन् ।

भारतका सत्तारुढ पार्टी भारतीय जनता पार्टी (भाजपा) ले पनि प्रधानमन्त्री ओलीको अभिव्यक्तिको खण्डन गरेको छ । उसले भारतीय जनताको आस्थाको केन्द्र जसले जहाँ जुनसुकै अभिव्यक्ति दिए पनि ढल्न नदिने प्रतिबद्धता समेत जनाएको छ । कतिपयले भने प्रधानमन्त्रीको अभिव्यक्तिले दुई देश बीचको सम्बन्धमा नयाँ समस्या सिर्जना गरेको बताउँछन् । हुन पनि प्रधानमन्त्री ओलीले लगातार यस्तो अभिव्यक्ति दिदै आएका छन् ।

प्रधानमन्त्री ओलीले केही समय अगाडि सत्यमेव जयतेलाई सिंहमेव जयतको संज्ञा दिएका थिए भने कोरोना भाइरस पनि चिनियाँ भन्दा भारतीय कडा हुने अभिव्यक्ति दिएका थिए । यसले दुई देश बीचको जनतामा रहेको सांस्कृतिक सम्बन्धमा समस्या सिर्जना हुने धेरैले व्याख्या गरेका छन् ।

# ओइसोलेसनमा छ हजार

## संक्रमित संख्या १७ हजार, क्वारेन्टिनमा २४ हजार

**क्वारेन्टिनमा बस्नेको संख्या घटेर २४ हजारमा झरे पनि आइसोलेसनमा बस्नेको संख्या धैरै देखिएको छ । मंगलबारसम्म आइसोलेसनमा बस्नेको संख्या ६ हजार नाघेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार ।

गएको माघ ९ गते पहिलो संक्रमण देखिएको नेपाल एसियाको २३औं बढी संक्रमित मुलुक बनेको छ । विशेषगरी भारतबाट नेपाल आउनेको संख्या बढेसँगै जेठको पहिलो साता देखि नेपालमा उच्च संख्यामा संक्रमित भेटिएका थिए । एक प्रयोगशालाबाट शुरु भएको परीक्षण २५ ठाउँमा बिस्तार हुँदा संक्रमित संख्या १७ हजार नाघेको छ ।



मंगलबारसम्म नेपालमा साढे छ हजारभन्दा बढी कोरोनाका सक्रिय संक्रमित उपचाररत रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पछिल्लो समय कोरोनाको संक्रमण दरमा केही कमी आउनाका साथै कोरोना मुक्त भएर घर फर्कनेको संख्या बढेको भए पनि मुलुकका विभिन्न अस्पताल तथा आइसोलेशन सेन्टर कूल छ हजार ६९५ सक्रिय सङ्क्रमित उपचारत छन् । अहिले सबैभन्दा कम प्रदेश नं १ मा १७१ र बढी सुदूरपश्चिम प्रदेशमा दुई हजार ५२३ सक्रिय संक्रमित उपचाररत छन् ।

प्रदेश नं २ मा एक हजार ९०७, प्रदेश नं ५ मा ७४६, गण्डकी प्रदेशमा ५०२, वाग्मती प्रदेशमा ४५६ र कर्णाली प्रदेशमा ३७२ संक्रमित आइसोलेशनमा रहेका मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले जानकारी दिए । महोत्तरी, रौतहट, कैलाली र बाजुरामा अझै पनि ५०० भन्दा बढी सक्रिय संक्रमित उपचाररत छन् भने भोजपुर, मनाङ, बाँकी पृष्ठ २ मा

# ओझेलमा सलह समस्या

**पश्चिम नेपालका किसानहरू सलह समस्याबाट चिन्तित भए पनि सरकार भने आफैंद्वारा सिर्जित समस्यामा फसेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार ।

दोस्रो पटक नेपाल भित्रिएको सलहले पश्चिम नेपालका किसानहरुलाई चिन्तित बनाएको छ । दाङ, प्युठान, बर्दिया लगायतका किसान सलह समस्याबाट चिन्तित बनेका छन् । उनीहरुले सलह भगाउन ठाल बजाउने, गीत बजाउने, धुवाँ पार्ने लगायत गरिरहेका छन् । तर, पनि सलह नभागेको किसानहरुले बताएका छन् ।



*पोखरा महानगरपालिका–२३ को फेवाफाँटमा हरियाली बनेको धान । यस वर्ष समयमै पानी परेकाले जिल्लाका अधिकांश स्थानमा असार महिनामै रोपाइँ सकिएको छ । तस्वीर : कृष्ण दवाडी*

सरकारले भने आफ्नै आन्तरिक समस्या, कुटनैतिक सम्बन्धमा आएको दरार, कोभिड महामारीको त्रास र देशभर भइरहेको प्रकोपमा अल्मलिएको छ । बरु, सरकारले सलहलाई विषादीको प्रयोग नगरी नियन्त्रण गर्ने विभिन्न उपायअन्तर्गत एक किलो सलह ल्याउनेलाई रु ५०० दिने प्रस्ताव गरिरहेको छ ।

यसअघि विभिन्न क्षेत्रका स्थानीय तहले एक किलो सलह ल्याउनेलाई रु २०, ५० र १०० प्रतिकिलो दिने घोषणा गरिए पनि त्यसलाई नियन्त्रणमा लिन सर्वसाधारणमा उत्साह नदेखिएपछि पैसा बढाएर रु ५०० दिने प्रस्ताव गरिएको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेको प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले मन्त्रालयमा उक्त प्रस्ताव पेश गरेको छ । नेपालमा सलहको अध्ययन गरी आवश्यक तयारी कार्य गर्न कृषि बाँकी पृष्ठ २ मा

# श्रममन्त्रालय दुई महिनादेखि सचिवविहीन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय करिब दुई महिना यता सचिवविहीन बनेको छ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ ले मन्त्रालयको सचिवलाई विकास, सुशासन तथा प्रशासनिक नेतृत्वका लागि महत्वपूर्ण जिम्मेवारी दिएको छ । तर मन्त्रालय विगत ५० दिन यता सचिवविहीन रुपमा चलिरहेको छ । लामो समयसम्म मन्त्रालय सचिवविहीन हुनुमा कतिपयले मन्त्रालय सचिवहरुको छनोटमा नरहेको अर्थसमेत लगाउने गरेका छन् ।

मन्त्रालयका तत्कालीन सचिव विनोद केसीले गत जेठ १२ गते लकडाउनकाबीच उमेर हदका कारण सेवाबाट अवकास लिएपछि मन्त्रिपरिषद्ले सोमबारसम्म उक्त मन्त्रालयमा नयाँ सचिव पठाउन सकेको छैन । मन्त्रालयको श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखाको जिम्मेवारीमा रहेका सहसचिव बाबुराम अधिकारीले मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

ऐनले मन्त्रालयको सचिवलाई प्रशासनिक प्रमुखको अख्तियारीसहित विभागीय मन्त्रीलाई सहयोग गर्नेलगायत एक दर्जनभन्दा बढी महत्वपूर्ण



प्रशासनिक जिम्मेवारी तोकेको छ । मन्त्रालयमा सचिव नहुँदा नीति निर्णयदेखि कर्मचारीहरुको वृति विकासका धेरै कामहरुमा समस्या आइरहेको मन्त्रालयका कर्मचारीहरु बताउँछन् ।

सचिव सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी हुने र सोही हैसियतमा उसले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्ने भन्ने व्यवस्था ऐनमार्फत गरिएको छ । त्यसका अतिरिक्त ऐनले सचिवलाई नेपाल सरकारले प्रतिपादन गर्नुपर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने, सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरीवेक्षणको अधीनमा रही मन्त्रालयको कार्य सम्पादन गर्ने, आफ्नो मन्त्रालय अन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रीसमक्ष त्यसको प्रस्ताव पेश गर्ने, मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारी उपर नियन्त्रण तथा सुपरीवेक्षण, मन्त्रालय अन्तर्गतका विभाग, मातहतका अन्य निकायको काम कारबाहीमा आवश्यक सुपरीवेक्षण वा नियन्त्रण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने अख्तियारी पनि दिएको छ ।

त्यस्तै मन्त्रालय अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीको सरुवा, पदस्थापना, काज, वैदेशिक अध्ययन, तालिम, अध्ययन भ्रमण वा अन्य सरकारी कामको सिलसिलामा विदेश भ्रमणका लागि नेपाल सरकारको तर्फबाट मनोनयन, वैदेशिक भ्रमण काज स्वीकृत, मन्त्रालयसँग सम्बन्धित विषयमा मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन र सुपरिवेक्षण गर्ने, सचिवस्तरीय निर्णय गरी त्यसको कार्यान्वयन, उत्कृष्ट कर्मचारी छनोट, तीन ग्रेडसम्म थप र एक पटकमा पाँच हजार रुपैयाँसम्मको एकमुष्ट पुरस्कार दिने जस्ता काममा सचिवलाई ऐनले नै जिम्मेवारी दिएको छ ।

उल्लेखित प्रशासनिक कामका अतिरिक्त सचिवलाई मन्त्रालयले संचालन गरेका योजनाहरुको निरीक्षण गरी दोषी देखिए विभागीय प्रमुख वा आयोजना प्रमुखलाई कारबाही, बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## आजदेखि फेरि चार्टर उडान

**काठमाडौं/मस-** विदेशमा अलपत्र नेपालीहरुलाई स्वदेश फिर्ताका लागि दुई दिनदेखि स्थगित चार्टर उडान बुधबार (आज) देखि पुनः शुरु हुने भएको छ । जसअनुसार बुधबार ६ उडान हुनेछन् । बुधबार चीन, सिंगापुर र मलेसियनबाट नेपाली यात्रु ल्याउने तीनवटा उडान हुने छन् ।

बुधबारदेखि जुलाई २१ अर्थात साउन ६ गतेसम्म विभिन्न ६ देशबाट ४२ वटा उडान हुने छन् । त्यसमा हिमालय एयर र नेपाल एयरलाइन्सले समान १६ उडान भर्ने छन् भने एयर अरेबियाले २, फ्लाइ दुबईले २, मलेसियाको मालिन्दो एयरले ४ र जजिरा एअरले २ वटा उडान भर्ने छन् ।

आगामी १५ दिनकोबीचमा साउदी अरबको दमाम र रियाद, यूएईको दुबई, सारजाह र अबुधाबी, कुबेत, कतार, बहराइन र मेलेसियाबाट नेपालीलाई स्वदेश ल्याईने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ । जुलाई २१ पछि अवस्थाको विश्लेषण गरेर नियमित उडान गर्ने विषयमा छलफल भइरहेको बताइएको छ ।

गत जेठ ३२ गतेदेखि सरकारले विभिन्न देशबाट बाँकी पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

# कैद छुट सम्बन्धी व्यवस्थामा एकरुपता कायम गर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार



संसदीय समितिले कैदीबन्दीको कसुरको गम्भिरताका आधारमा अलग अलग बस्ने स्थानको व्यवस्था गर्न निर्देशन दिएको छ। संसदको राज्य व्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकले सो निर्देशन दिएको हो। साथै कैद छुट सम्बन्धी व्यवस्थामा एकरुपता कायम गर्न पनि समितिले निर्देशन दिएको सभापति शशी श्रेष्ठले बताइन्।

कोभिड–१९ को जोखिमलाई मध्यनजर गर्दै जोखिममा रहेका कैदीबन्दीको मुद्दा प्रकृया द्रुत गतिमा अघि बढाउन पनि समितिले निर्देशन दिएको छ। यस्तै कैदीलाई सुधारगृहमा पठाउने, सामुदायिक, सामाजिक सेवामा लगाउने, पूनर्स्थापना केन्द्रमा पठाउने, खुला कारागारमा पठाउने, प्यारोलमा राख्ने, शारीरिक श्रममा लगाउने र कैद छुट भएपछि आयमुलक क्षेत्रमा लगाउनुपर्ने कानूनी व्यवस्था तत्काल कार्यान्वयनमा लैजान पनि समितिले निर्देशन दिएको छ।

क्षमताभन्दा बढी कैदीबन्दी रहेका कारागारहरुको भौतिक अवस्थाका कारण कोरोना संक्रमणको जोखिम बढेको छ। कारागार, बाल सुधार गृह र हिरासत कक्षहरुको भौतिक संरचनाका कारण कोभिड–१९ को जोखिम बढ्दै गएपछि यस विषयमा मंगलबारको समितिको बैठकमा छलफल भएको हो।

समितिको बैठकमा गृहमन्त्री रामबहादुर थापाले सुधारगृहको रुपमा विकास हुनुपर्ने कारागारहरु अहिले पनि यातनागृह र अपराधगृहजस्तो अवस्थामा रहेको बताए। सबै ठाउँमा भवनहरु जीर्ण अवस्थामा रहेको उनले बताए। सरकारी अवधारणा अनुसार कारागारहरुलाई सुधार गृहको रुपमा रुपान्तरण गर्नुपर्ने उनले बताए।

त्यस्तै महान्यायाधिवक्ता अग्नि खरेलले कारागारहरुको अनुगमनका क्रममा सबै ठाउँमा स्थास्थ्यकर्मीहरुको अभाव देखिएको बताए। कोभिड–१९ संक्रमणबाट सुरक्षित रहन सावधानी अपनाएको पाइएपनि स्वास्थ्य सेवाको उपलब्धता प्राथमिकतामा राखेको नदेखिएको उनले बताए। सबै स्वास्थ्य सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अबलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले दैनिकरुपमा कारागार र हिरासत कक्षका भेटघाट कक्षहरु सेनिटाइज गर्नुपर्ने आवश्यकता रहेको बताए। उनले बाल सुधार गृहहरुमा आधारभूत पुस्तकालय र शिक्षकको व्यवस्था नभएको बताए।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नृपध्वज निरौलाले प्रत्येक कारागारमा कम्तिमा १ जना कानूनी अधिकृत हुनैपर्ने आवश्यकता रहेको बताए। भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको उल्लेख गर्दै उनले विचाराधिन मुद्दाका अभियुक्तलाई स्थानान्तरण गर्दा समस्या हुने गरेको बताए। धेरै ठाउँमा कैदी र थुनुवालाई एकै ठाउँमा राखिएको पाइएकाले त्यस्तो गर्न कानूनले बन्देज गरेको तर्फ ध्यान दिन उनले आग्रह गरे।

कारागार व्यवस्थापन विभागका महानिर्देशक द्रोण पोखरेलले कारागारभित्र न्यूनतम भौतिक सुविधा र कैदीलाई गरिने व्यवहारलाई कसरी सुधार गर्न सकिन्छ भन्ने आवश्यकता आफुले पनि महसुस गरेको बताए। कोभिड–१९ संक्रमणको जोखिम काम गर्न भेटघाटलाई नियन्त्रण र व्यवस्थित गरिएको उनले बताए। सरसफाई, स्यानिटाइजर, मास्कको व्यवस्था गरिएको उल्लेख गर्दै उनले केन्द्रीय कारागारम छुट्टै क्वारेन्टिनको समेत व्यवस्था गरिएको बताए। एक कलस्टरबाट अर्को कलस्टरमा जान नपाउने व्यवस्था गरिएको पनि उनले बताए।

# 'परिमार्जन नगरी संसद्मा विधेयक दर्ता गर्नु आपत्तिजनक'



काठमाडौं/मस- नेपाल पत्रकार महासंघले राष्ट्रियसभामा दर्ता गरिएको सार्वजनिक सेवा प्रसारण विधेयकका प्रावधानहरूप्रति असहमति जनाएको छ। महासंघका महासचिव रमेश विष्टले विज्ञप्ति जारी गर्दै लोकतन्त्रमा सरकार आफैंले सार्वजनिक सञ्चारमाध्यम सञ्चालन नगर्ने विश्वव्यापी मान्यता एवं सार्वजनिक सेवा प्रसारणका आधारभूत सिद्धान्त विपरीत सरकारी स्वामित्व र नियन्त्रणमा राख्ने प्रस्तावसहित विधेयक दर्ता गरिएको भन्दै महासंघको गम्भीर असहमति रहेको जनाएका हुन्।

'नेपाल सरकारले यसअघि पटकपटक सरकारी स्वामित्वमा रहेका रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सरकारी स्वामित्वबाट अलग गरी जनताको स्वामित्व कायम गर्ने तथा संघीय संसदप्रति जवाफदेही हुनेगरी सार्वजनिक सेवा प्रसारणका रुपमा सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै आएको हो' महासंघले मंगलबार विज्ञप्ति निकालेर भनेको छ, 'तर अहिले सरकारले आफ्नो विगतदेखिको प्रतिवद्धता एवम् २०७३ सालमा आफैं जारी गरेको राष्ट्रिय आमसञ्चार नीतिविपरितका प्रावधानहरुसहित सार्वजनिक सेवा प्रसारण विधेयक दर्ता गरेर आफ्नो अलोकतान्त्रिक र अनुदार चरित्र प्रस्तुत गरेको छ।'

प्रस्तुत विधेयकमा नाम सार्वजनिक सेवा प्रसारण राखिए पनि यसको परिभाषा, गठन विधि, उद्देश्य, संरचना, नियुक्ति प्रक्रिया, प्रतिनिधित्व तथा काम कर्तव्य अधिकारलगायत उल्लेखित कैयौं प्रावधानहरुले सार्वजनिक सेवा प्रसारणका मान्यतालाई अंगिकार गर्न नसकेको महासंघको ठहर छ। 'यसमा भएका प्रावधानले त अहिले सरकारी स्वामित्वमा सञ्चालित रेडियो नेपाल र नेपाल टेलिभिजनलाई थप सरकारी नियन्त्रण कायम राख्ने र सरकारप्रति अझ बढी बफादार बनाउन खोजेको देखिन्छ' महासंघले भनेको छ।

नेपाल सरकारका मन्त्री वा राज्यमन्त्री सार्वजनिक सेवा प्रसारण परिषद्को अध्यक्ष हुने, सचिवहरु र सरकारले नियुक्ति गरेका व्यक्तिहरु सदस्य रहने, सेवा प्रसारणलाई नेपाल सरकारले निर्देशन दिने तथा नेपाल सरकारले नियम बनाउने लगायतका प्रावधानहरुले सरकार प्रसारण माध्यममा थप नियन्त्रण कायम गर्न चाहन्छ भन्ने स्पष्ट भएको महासंघले जनाएको छ।

महासंघले विधेयकमा व्यापक सुधार र परिमार्जन गरेर मात्रै अघि बढाउन सरकारसँग माग गरेको छ। 'नेपाल पत्रकार महासंघले यही २०७७ असार १४ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई महासंघ आफैंले तयार गरेको नेपाल सार्वजनिक सेवा प्रसारण विधेयकको नमुना मस्यौदा हस्तान्तरण गरिसकेको छ,' महासचिव रमेश विष्टद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'महासंघले सुझावका रूपमा प्रस्तुत गरेको विधेयक मस्यौदालाई पूरै बेवास्ता गरी सरकारले सरोकार पक्षसँग छलफल र सहमतिबिना संसदमा दर्ता गरेको उक्त विधेयकमा व्यापक सुधार र परिमार्जन गरेर मात्रै अघि बढाउन महासंघ जोडदार माग गर्दछ।' सरकारले असार २६ गते संघीय संसदको राष्ट्रियसभामा 'सार्वजनिक सेवा प्रसारण विधेयक' दर्ता गरेको थियो।

# चौरजहारी घटनाको कारण जातीय भेदभाव : प्रतिवेदन



काठमाडौं/मस- रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा अन्तरजातीय विवाहको विवादमा भएको ६ जनाको हत्याबारे छानविन गर्न गठित संसदीय छानविन विशेष समितिले सोमबार सभामुख अग्निप्रसाद सापकोटालाई प्रतिवेदन बुझाएको छ। समितिका संयोजक देवेन्द्र पौडेलले मंगलबार सिंहदरबार स्थित संसद सचिवालयमा नै पुगी सभामुख सापकोटालाई स्थलगत छानविन प्रतिवेदन बुझाएको हो।

सांसदहरुले उक्त घटनाबारे संसदीय छानविन हुनुपर्ने माग गरेपछि गत जेठ २६ गते बसेको प्रतिनिधिसभा बैठकले सांसद पौडेलको संयोजकत्वमा नौ सदस्यीय संसदीय विशेष समिति गठन गरेको थियो। एक महिनाको समय पाएको बिशेष समितिले घटनास्थलमा पुगी दुई पक्षसँग सोधपुछ समेत गरेको थियो।

समिति संयोजक पौडेलले छानविन, अध्ययन र अवलोकन गरी प्रतिवेदन तयार गरेको जानकारी दिए। जेठ ३१ गते काठमाडौंमा बैठक बसी समिति घटनास्थल अवलोकन गरी सबै पक्षको धारणा बुझ्न छलफल समेत गरिएको उनले बताए।

प्रतिवेदन बुझ्दै सभामुख सापकोटाले प्रतिवेदनको अध्ययन गरी यसलाई अघि बढाइने जानकारी दिए। सदन नचलेको अहिलेको अवस्थामा यसलाई कार्यान्वयनमा लैजान प्रतिवद्ध रहेको उनले बताए।

प्रतिवेदन सार्वजनिक नगरिए पनि पश्चिम रुकुमको चौरजहारी हत्याकाण्ड जातीय भेदभाव र छुवाछुतका कारण भएको निष्कर्ष निकालिएको एक सदस्यले जानकारी दिए। प्रेमिकासँग विवाह गर्न भनी रुकुमको चौरजहारी नगरपालिका सोती गएका जाजरकोटको भेरी नगरपालिकाका नवराज विक र उनका साथीहरु केटी पक्षका आफन्तको आक्रमणबाट मारिएका थिए। उक्त घटनामा ६ जनाको मृत्यु भएको थियो।

# चार केजी अफिमसहित एक जना पक्राउ

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ३० असार

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका ४, नुनईटाकुराबाट अवैध लागूऔषध अफिमसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले चार केजी अफिम, २६ हजार नगद र एक थान मोबाइलसहित बाँफिकोट गाउँपालिका ५ बस्ने ३५ वर्षीय शंकर पुरीलाई सोमबार साँझ पक्राउ गरेको हो।

पुरीसँगै रहेका अर्का एक जना फरार रहेका छन्। लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सुचनाका आधारमा खानतलासी गरी उनीहरुलाई नियन्त्रणमा लिने क्रममा प्रहरी माथी आक्रमणको प्रयास गर्दै एक जना फरार भएका हुन्। स्थितिलाई नियन्त्रणमा लिन एक राउन्ड हवाई फायरसमेत गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमबाट खटिएको प्रहरी टोलिले उनीहरुलाई शंकास्पद अवस्थामा फेला पारी तलासी गर्दा उनीहरुको साथबाट उक्त परिमाणको लागूऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी नायव उपरीक्षक (डिएसपी) ठग बहादुर केसीले मध्यान्हलाई जानकारी दिए। पक्राउ परेका पुरीउपर अनुसन्धान भैरहेको र फरार भएका ब्यक्तिको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

# सर्टिफिकेट सच्याउने डिएसपी सिंहविरूद्ध मुद्दा दायर

काठमाडौं/मस- नागरिकता र शैक्षिक प्रमाणपत्र सच्याई भ्रष्टाचार गरेको अभियोगमा प्रहरी नायब उपरीक्षक रमेशबहादुर सिंहविरूद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नागरिकता र शैक्षिक प्रमाणपत्रमा जन्ममिति सच्याएर भ्रष्टाचार गरेको अभियोगमा डिएसपी सिंहविरूद्ध आज भ्रष्टाचार मुद्दा दायर गरेको हो।

सिंह अहिले नेपाल प्रहरीको बालबालिका खोजतलास तथा समन्वय केन्द्र भृकुटीमण्डपमा कार्यरत थिए। विशेष अदालतमा मुद्दा दायर भएसँगै उनी निलम्बनमा परेका छन्। डिएसपी सिंहले प्रहरी निरीक्षकमा सेवा प्रवेश गर्न जिल्ला प्रशासन कार्यालय बझाङबाट नेपाली नागरिकताको प्रमाण र शैक्षिक योग्यताका प्रमाणपत्रमा जन्म मिति सच्चाएर झुट्ठा विवरण उल्लेख गरी सेवा प्रवेश गरेको देखिएको अख्तियारको दाबी छ।

# सिंचाइ डिभिजन कार्यालय खोटाङका प्रमुख घुस लिँदै गर्दा पक्राउ

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, ३० असार



जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय खोटाङका प्रमुख नारायणकाजी श्रेष्ठ घुससहित रङ्गे हात पक्राउ परेका छन्। प्रमुख श्रेष्ठलाई अक्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलिले सेवाग्राहीबाट ९ लाख ३४ हजार रकम घुस लिँदै गरेको अवस्थामा कार्यालय परिसरबाट उनलाई पक्राउ गरेको हो।

प्रमुख श्रेष्ठले सिंचाइ योजनाको रकम प्रदेशबाट निकाशा हुन ढिलाई भइरहेको अवस्थामा अधिकांशसँग घुस रकम समबन्धि बिस्तृत जानकारी केही समयपछाडि सार्वजनिक गरिने अक्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय टंगालका प्रवक्ता प्रदिप कुमार कोइरालले बताएका छन्।

प्रमुख श्रेष्ठको साथबाट १९ हजार पाँच सय रुपैया पनि जफत गरिएको बताइएको छ। हाल जलश्रोत तथा सिँचाइ डिभिजन कार्यालय आसपासमा सिल गरेर कसैलाई पनि प्रवेश दिइएको छैन। श्रेष्ठले सिँचाइ योजनाको रकम प्रदेशबाट निकासा हुन ढिलाइ भइरहेको अवस्थामा अधिकांशसँग 'छिटो निकासाका लागि माथि रकम दिनुपर्ने' भन्दै पटक-पटक बार्गेनिङ गर्दै आएको सेवाग्राहीको गुनासो छ। खोटाङका प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले पनि जलश्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख श्रेष्ठलाई अख्तियारले पक्राउ गरेर नगद बरामद गरेको बताए।

# सुर्खेत रानीघाटमा बन्यो प्रहरी चौकीको भवन

**बिपि शर्मा/मध्यान्ह**
सुर्खेत, ३० असार



कर्णाली प्रदेश प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक बसन्त कुमार पन्तले प्रहरी कार्यालयका भवनहरु जनताकै सम्पत्ति भएकोले सो भवनको उपयोग गर्ने प्रहरीहरुले पनि आफ्नै भनेर भवनको मर्मत सम्भार गरेर राख्न सबैसंग आग्रह गरेका छन्। प्रहरी नायव महानिरीक्षक पन्तले मंगलबार प्रहरी चौकी रानीघाट सुर्खेतमा नवनिर्मित कार्यालय भवनको उद्घाटन गर्दै उक्त आग्रह गरेका हुन्। उक्त अबसरमा प्रहरी नायव महानिरीक्षक पन्तले प्रहरी चौकीमा अपुग जनशक्तिलाई छिट्टै ब्यबस्थापन गरिने बताए।उद्घाटन कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल र बराहाताल गाउँपालिका वडा नं.२ का अध्यक्ष यौवराज कार्कीले समाजमा शान्ती सुरक्षा र अमनचैन कायम राख्न प्रहरीसंगै नागरिकको पनि उक्तिकै दायित्व हुनेमा जोड दिए। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक राजेन्द्र प्रशाद भट्टबाट स्वागत मन्तव्यबाट शुरु भएको सो कार्यक्रममा कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोलाद्वारा धन्यबाद ज्ञापन गरिएको थियो।

भवन उद्घाटन कार्यक्रममा यूएनओपीएसका ईन्जिनीयर अनुज पाण्डेले भवन निर्माण सम्बन्धि प्रतिबेदन पेश गरेका थिए। यूएनओपीएसकाको आर्थिक सहयोगमा निर्माण कार्य सम्पन्न भएको र दुई करोड बयासी लाख लागत रहेको सो भवनको निर्माण कार्य २०७५ कात्तिक २६ गतेबाट सुरु भएको खियो। कार्यक्रममा यूएनओपीएसकाका प्रतिनिधि, प्रहरी कर्मचारीहरु, स्थानीय जनप्रनिधि र नागरीक समाजका प्रतिनिधिहरुकोसमेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रमको संचालन जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गोपाल रायमाझीले गरेका थिए।

## भूल सुधार

मध्यान्ह दैनिकको मिति २०७६ चैत २३, २४, २५, २६, २७, २८, २९, ३०, २०७७ बैशाख १, ३, ४, ५, ७, ८, ९, १०, ११, १२, १४, १५, १६, १७, १८, १९, २१, २२, २३, २४, २६, २८, २९, ३०, ३१, जेठ १, २, ४, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २१, २२, २३, २५, २६, २७, २९, ३०, ३१, ३२, असार १, ३, ४, ५, ७, ९, १०, ११, १२, १३, १५, १६, १७, १८, २१, २२, २४, २५, २८, २९ र ३० गते क्रमश: अंक ५३ देखि क्रमश: १३२ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

सं.

### ओइसोलेसनमा...

मुस्ताङ र हुम्ला कोरोना मुक्त भएका छन्।

मंगलबार सम्म नेपालमा कूल संक्रमितको संख्या १७ हजार ६१ पुगेको छ। अहिलेसम्म कूल सङ्कमितको ६०.५३ प्रतिशत कोरोना जितेर 'डिस्चार्ज' भएका छन्। कोरोनालाई परास्त गरेर घर फर्कनको सङ्ख्या १० हजार ३२८ रहेको छ।

हालसम्म कोरोना संक्रमणबाट ३८ जनाले ज्यान गुमाएका छन्। सबैभन्दा बढी प्रदेश नं ५ मा १० जनाले कोरोनाका कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। प्रदेश नं १ मा कोरोनाकै कारण ज्यान गुमाउनेको संख्या शून्य छ। वागमती प्रदेशमा नौ, सुदूरपश्चिम प्रदेशमा छ, गण्डकी प्रदेशमा पाँच तथा प्रदेश नं २ र कर्णाली प्रदेशमा चार/चार जनाले कोरोनाकै कारण ज्यान गुमाएका छन्।

अहिले पनि २४ हजार ७१६ जना क्वारेन्टिनमा रहेका छन्। सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा छ हजार २१९ र सबैभन्दा कम कर्णाली प्रदेशमा एक हजार ८२१ जना क्वारेन्टिनमा रहेको प्रवक्ता प्राडा गौतमले जानकारी दिनुभयो। प्रदेश नं १ मा तीन हजार १४३, प्रदेश नं २ मा तीन हजार १०६, वाग्मती प्रदेशमा एक हजार ९८८, गण्डकी प्रदेशमा तीन हजार ९१३ र प्रदेश नं ५ मा चार हजार ५२६ क्वारेन्टिनमा बसिरहेका छन्।

### ओझेलमा...

मन्त्रालयले विज्ञ सहितको प्राविधिक कार्यदल गठन गरेको थियो। सोही कार्यदलको सोमबारको बैठकको निर्णयानुसार मन्त्रालयमा उक्त प्रस्ताव लगिएको कार्यदलका संयोजक तथा उक्त केन्द्रका प्रमुख सहदेवप्रसाद हुमागाईंले बताए।

भारतमा सलहको झुण्ड प्रवेश गरेलगत्तै नेपालमा छिर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी सो कार्यदल गत जेठ १३ गते गठन गरिएको थियो। हावाको दिशा र गतिमा आएको परिवर्तनले नेपालमा सलहको एउटा झुण्ड असार १३ गते भित्रिएको थियो।

कार्यदलले अहिले पनि नियमित रुपमा सलहको अध्ययन गरी क्षति कम गर्न आवश्यक सुझाव दिँदै आएको छ। "यसपटकको बैठकले भने सर्वसाधारण पनि सलह नियन्त्रणमा परिचालन हुन सकोस् भनेर एक किलो ल्याउनेलाई रु ५०० को प्रस्ताव हामीले मन्त्रालयमा पेश गरेका छौं, संयोजक हुमागाईंले भने, "२० वा रु ५० दिएर उनीहरुमा उत्साह नै देखिएन, त्यसैले रकम बढाएर नयाँ प्रस्ताव गरेका हौं।"

केन्द्रले सलहबाट हुने क्षति कम गर्न सबै निकाय तथा प्रदेश, स्थानीय तहमा पर्याप्त संवाद र सहकार्यको काम भइरहेको जनाएको छ। सलह कीराको संख्या, अवस्था, फैलावट, क्षतिको आङ्कलन गर्दा नेपालमा सानो झुण्ड आएको छ। क्षति पनि धेरै गर्न पाएको छैन। अहिले सक्रिय भएका सलहलाई नियन्त्रण गर्न यो प्रस्ताव लगिएको प्राविधिक कार्यदलका सदस्य किटविज्ञ समुन्द्रलाल जोशी बताउँछन्।

विषादी प्रयोग हानिकारण

प्राविधिक कार्यदले विषादी प्रयोगलाई निरुत्साहित गर्दै आएको छ। विभिन्न देशमा विषादी प्रयोग गरिएका छन् तर ती देशको मरुभूमिमा मात्रै बढी प्रयोग भएको छ। मानव बस्ती क्षेत्रमा विषादी प्रयोग गर्दा ठूलो क्षति हुने भएकाले पनि विषादी प्राथमिकतामा छैन।

अहिले सलह पश्चिम उत्तरतिर लागेकाले पनि विस्तारै हट्दै जाने अनुमान गरिएको छ। भएकालाई घरेलु उपाय अपनाएर समाउने, स्थानीय स्रोत साधन प्रयोग गरेर हटाउने गर्दा नै राम्रो हुन्छ भन्ने निष्कर्ष प्राविधिक समूहको छ। त्यसैले विभिन्न आवाज निकालेर, होहल्ला गरेर, धपाएर नै लखेट्नुको विकल्प नभएको किटविज्ञ जोशी बताउनुहुन्छ। समायो भने कुखुराको दानामा प्रयोग गर्न सकिने वा कसैले खान पनि सक्नेछन्।

केन्द्रमाथि एक्सनमा गएन कि भन्ने गुनासो पनि आएको बताउँदै केन्द्रका प्रमुख हुमागाईंले अहिले नै रासायनिक विषादी हालेर मार्नुपर्छ भन्ने निष्कर्षमा भने नरहेको बताए। उनले नियन्त्रण नै गर्न नसक्ने गरी करोडौं करोड आयो भने त्यो बेला आवश्यक निर्णय हुने समेत बताए। आवश्यक तयारीमा भने बस्नुपर्ने उहाँ बताउनुहुन्छ। त्यसको नियन्त्रणका लागि प्रयोग गर्ने यन्त्र उपकरण पनि तयारी राख्नुपर्छ भनेर त्यसतर्फ पनि मन्त्रालयमा प्रस्ताव पेश गरिएको उनले बताए।

विज्ञका अनुसार सलहको आयु झण्डै तीन महिनाको मात्रै हो। झुण्ड आउने क्रम भने रोकिएको छैन। पटकपटक विभिन्न जिल्लाबाट सलहका झुण्ड प्रवेश गरिरहेको छ। मुलुकका ५४ जिल्लामा प्रवेश गरेको सलह भने विखण्डित हुँदै केही मर्ने, केही शिथिल हुने र केही सक्रिय हुँदै आएको छ।

### श्रममन्त्रालय....

नेपाल सरकारद्वारा स्वीकृत गरेका नीति तथा कार्यक्रम कार्यान्वयन, मन्त्रालयसँग सम्बन्धित अन्य निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्ने, मन्त्रालयको वार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्रीसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समिक्षा गर्ने/गराउने, मन्त्रालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्नेलगायतका जिम्मेवारी ऐनले सचिवलाई दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सचिव नियुक्त गरी मन्त्रालय पठाउने व्यवस्था रहेको छ। मन्त्रालयका एक अधिकारी भन्छन्, 'हाम्रा अगाडि माथिको मुख ताक्नुबाहेकको विकल्प छैन। नयाँ सचिवज्यू आउनु भएको छैन भन्ने थाहा छ तर किन आउनु भएन भन्ने प्रश्नको उत्तर हामीसँग छैन।'

### आजदेखि....

समस्यामा रहेका नेपालीको स्वदेश फिर्तीका लागि चार्टर उडानलाई अनुमति दिएपछि हालसम्म समस्यामा रहेका करिब २८ हजार नेपाली स्वदेश फर्किसकेका छन्।

# काँग्रेसको खेलकुद विभागलाई पूर्णता

**काठमाडौं, मस–** नेपाली कांग्रेस खेलकुद विभागले मनोनयका लागि सिफारिश गरेको पदाधिकारी र सदस्यहरुको नामवली नेपाली कांग्रेस केन्द्रीय कार्यालयले अनुमोदन गरेको छ ।

विभाग प्रमुख मोहनबहादुर बस्नेतले २ पदाधिकारी र २५ सदस्यको नामवली मनोनयन गर्न अनुमोदनका लागि केन्द्रीय कार्यालयमा पठाएका थिए ।

विभागको उप-प्रमुखमा काठमाडौंका मोहनकुमार राई र सचिवमा ललितपुरका मीनकृष्ण महर्जनलाई सिफारिस गरिएको थियो । कराते पृष्ठभूमिका दुवै राष्ट्रिय खेलकुद परिषद्का पूर्व कोषाध्यक्ष हुन् ।

सदस्यहरुमा बाराका मणिभूषण यादव, सिरहाका उपेन्द्र यादव, काठमाडौंका दीपराज गुरुङ, बाँकेका विजेन्द्र हमाल, मोरङका सोभितराज प्रसाई, सुनसरीका किशोर राई, धनुषाका लनम चौधरी, दाङका जितबहादुर केसी, झापाका पंकज नेम्वाङ, बर्दियाका कृष्ण वर्मा, डोटीका प्रतिमा शाही र पूर्णसिंह बोहरा, काठमाडौंका उद्धव खड्का, भक्तपुरका उमेश खड्का, नुवाकोटका राजु कँडेल, स्याङजाका देवकुमार मानन्धर, कञ्चनपुरका भानु चन्द, कैलालीका कुवेरप्रकाश सिंह, दोलखाका सिंहबहादुर तामाङ, सिन्धुपाल्चोकका टपेन्द्र धर्नाल, हुम्लाका बखतबहादुर शाही, इलामका डम्बर खड्का, रुकुमका शिव आचार्य, पाँचथरका महेन्द्र राई र कैलालीका प्रकाश विष्टलाई मनोनियनका लागि सिफारिस गरिएको थियो ।




सचिव महर्जनले सिफारिस गरिएका सबैको नामवली केन्द्रबाट अनुमोदन भइसकेको जानकारी गराउदै साउन ३ गते सबैलाई पूर्व प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाले सानेपास्थित केन्द्रीय कार्यालयमा मनोनयन पत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेका बताए । विभागले बानेश्वरमा आफ्नो कार्यालय समेत स्थापना गरिसकेको छ ।

# सिंगापुरको अर्थतन्त्र ४१ प्रतिशत खुम्चियो



**सिंगापुर, एएफपी–** कोरोनाभाइरसका कारण दोस्रो चौमासिक अवधिमा सिंगापुरको आर्थिक वृद्धि अघिल्लो वर्षको तुलनामा ४१.२ प्रतिशतले खुम्चिएको छ । प्रारम्भिक विवरण अनुसार, व्यापारमा निर्भर सिंगापुरको अर्थतन्त्रमा एकै वर्ष यतिठूलो परिमाणमा अर्थतन्त्र खुम्चिएको पहिलो पटक हो ।

अघिल्लो वर्षको तुलनामा अप्रिल र जुन महिनाको अवधिमा १२.६ प्रतिशत अर्थतन्त्र खुम्चिएको सिंगापुरको व्यापार मन्त्रालयले जनाएको छ । सिंगापुरमा कोरोनाभाइरससँग जुध्न सरकारले लकडाउनजस्ता कडा कदम चालेका कारण पनि अर्थतन्त्रमा व्यापक असर परेको हो

विगत एक दशकको अवधिमा पहिलो पटक सिंगापुरको अर्थतन्त्र मन्दीतर्फ अग्रसर भएको छ । दोस्रो चौमासिक अवधिमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा यतिठूलो गिरावट आउनुको मुख्य कारण गत अप्रिल ७ देखि जुन १ सम्म कोरोनाभाइरसको प्रसार रोक्न चालिएका कडा कदमहरु जिम्मेवार रहेको मन्त्रालयको भनाई छ । मन्त्रालयका अनुसार यस अवधिमा अत्यावश्यक सेवाबाहेक सबै आर्थिक गतिविधि स्थगित गरिएका थिए ।

साथै विश्वका सबैजसो मुलुकको आर्थिक स्थिति कमजोर भएकाले पनि बाह्य मागमा व्यापक गिरावट आएको मन्त्रालयले जनाएको छ । विश्व अर्थतन्त्र मापनको सुइरोका रुपमा रहेको सिंगापुरको पछिल्लो आर्थिक परिदृश्यले कोविड-१९ का कारण विश्वको अर्थतन्त्रमा निकै ठूलो असर परेको देखिने विज्ञहरुको भनाई छ ।

# नेपाललाई थप २ रजत र १ कास्य



**काठमाडौं, मस-**नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) का खेलाडीले प्रथम मलेसियन ओपन अन्तर्राष्ट्रिय इस्पोर्ट्स च्यालेन्जमा थप २ रजत र १ कांस्य जितेका छन् ।

प्रतियोगिताको अन्तिम दिन आइतबार पुम्सेतर्फ १८-३९ वर्षको पुरुषमा पुष्पप्रसाद गौतम र महिलामा चन्दु शाहीले रजत जिते ।

महिला १५-१७ वर्षमा अस्मिता नगरकोटीले कांस्य जितिन् । योसहित प्रतियोगितामा एनटीएका खेलाडीले १ स्वर्ण, ४ रजत र ३ कांस्य जितेको एनटीएका अध्यक्ष समेत रहेका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले जनाएका छन् ।

यसअघि मधु सापकोटाले ४० वर्षमाथि स्वर्ण तथा प्रगति कुइकेलले १३-१४ वर्ष र आयुश बोहराले १५- १७ वर्षमा रजत जितेका थिए । १०-१२ वर्षमा भिजन तामाङ र यु-९ मा प्रवीण श्रेष्ठले कांस्य हात पारेका थिए । प्रतियोगितामा अध्यक्ष खड्काले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

## अतंकवादीसँगको झडपमा चार पाकिस्तानी सैनिकको मृत्यु

**इस्लामावाद, एएनआई–** पाकिस्तानको उत्तरी वाजिरिस्तान क्षेत्रमा लुकिछिपी बसेका आतङ्कवादीसँग भएको झडपका क्रममा परी कम्तीमा पनि चार जना पाकिस्तानी सेनाको ज्यान गएको समाचारमा जनाइएको छ ।

उक्त क्षेत्रमा आतंकवादी लुकिछिपी बसेको सूचना पाएपछि पाकिस्तानको सैनिकले सोही अवस्थामा कारबाही गरेको थियो । उक्त कारबाहीका क्रममा ती सैनिक मारिएको पाकिस्तान सरकारले जनाएको छ । सोमबार ती सैनिक मारिएको बताइएको हो ।

सो कारबाहीका क्रममा कम्तीमा पनि चार जना पाकिस्तानी सैनिक मारिएका छन्, पाकिस्तानी सेनाको स्रोतलाई उद्धृत गर्दै पाकिस्तानको एक दैनिक पत्रिका डनले जनाएको छ ।

पाकिस्तानी सेनाले प्रकाशन गरेको सो विज्ञप्तिमा उत्तरी वाजिरिस्तानमा आतंकवादीलाई खोजी गएको सेनामाथि लुकेर बसेका आतंकवादीले हमला गरेका थिए ।

## भूल सुधार

मिति २०७७/०३/२९ गते मध्यान्ह दैनिकमा प्रकाशित नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचनामा प्रदेश नम्बर २ धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नम्बर १० लालगढ र महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका वडा नम्बर १ बर्दिवासलाई प्रभावित गर्ने गरी प्रस्ताव गरिएको रातु नदी पुल (२२५.४ मिटर) हुन पर्नेमा अन्यथा भएकोले भुल सूधार गरिएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०३/१९ मा दर्ता भएको **प्रा.लि. नं. ६३९३५** को **खड्गदेवी डेभलपर्स एण्ड इन्भेष्टर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**अजिरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गोरखा**

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०३/३१

अजिरकोट गाउँपालिकाको कार्यालयद्वारा निर्माण गर्न लागिएको गाउँ पालिकाको भवनको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकको नाम** : अजिरकोट गाउँपालिका

**प्रस्ताव** : गोरखा जिल्ला अजिरकोट गाउँपालिका वडा नं. ३ को भच्चेक बजारबाट दक्षिण पर्ने मान्द्रै सामुदायिक वनको जग्गामा भवन निर्माण

**प्रस्तावको विवरण** : ३५३८ वर्ग मिटर Built up Area भएको भवन र सो को निर्माणमा आवश्यक पर्ने प्रमुख मुख्य संरचना र सहायक संरचनाहरु समेत

**प्रभावित क्षेत्र** : अजिरकोट गाउँपालिका वडा नं. ३

सो प्रस्ताव कार्यन्वयन गर्नु पूर्व पूर्वाधारको संरचनाको निर्माण तथा संचालन सम्बन्धी वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ बमोजिम सो प्रस्ताव सम्बन्धी प्रारम्भिक वातावरणिय परीक्षण गरी स्वीकृत गराउनु पर्ने भएकोले उक्त प्रारम्भिक वातावरणिय परीक्षण गर्ने क्रममा उक्त नियमावली बमोजिम यस आयोजना क्षेत्र भौतिक, जैविक, आर्थिक, सामाजिक वातावरणमा के-कस्ता प्रभाव पर्छ भनि यकिन गर्नु परेको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न उल्लेखित ठेगानामा आफ्नो राय सुझावहरु पठाइदिनुहुन अनुरोध गरिन्छ ।

| प्रस्तावक | सम्बन्धित मन्त्रालय | परामर्शदाता |
|---|---|---|
| अजिरकोट गाउँपालिकाको कार्यालय<br>भच्चेक-३, गोरखा,<br>गण्डकी प्रदेश, नेपाल<br>सम्पर्क नं. : +९७७-०६४-६९११७०<br>इमेल : ajirkotrm@gmail.com | संघीय मामिला तथा सामान्य<br>प्रशासन मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>सम्पर्क नं. : ०१-४२००३०९, ४२००४८२<br>इमेल: cdms.mofaga@gmail.com | शिबु इन्जिनियरिङ्ग कन्सल्टेन्सी<br>एण्ड कन्ट्रक्शन<br>मध्यपुरठिमी-१, भक्तपुर<br>सम्पर्क नं. : ९८२३५२५२५६, ९८०११३६९३५<br>इमेल : sibuconsolt01@gamil.com |



**रोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**घर सटर, होडिङ बोर्ड, पोल बोर्ड, हाईवे बोर्ड, भित्ते लेखन, डि.पि.एस. बोर्ड लगायतका फूटकर बिज्ञापनहरुको बिज्ञापन कर संकलन बारे**

**ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति: २०७७/०३/३१

**रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यस रोशी गाउँपालिका क्षेत्रमा रहेका कटुन्जेबेशी देखि मास्तीसम्म (बि.पी. हाईवे) र गाउँपालिका क्षेत्र भित्रका अन्य स्थानमा रहेका देहायका सन्देशहरुको आ.ब.२०७७/०७८ देखि ३ (तीन) बर्षको लागि बिज्ञापन संकलन गर्ने ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक योग्य फर्म वा कम्पनीले आजका मितिबाट १५ दिन भित्र तपशिल बमोजिमको बिवरण तथा सर्त सहित शिलबन्दी गरी दरभाउ पेश गर्न हुन अनुरोध छ ।**

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १ | २०७६/०७७/०१ | घर सटर, होडिङ बोर्ड, पोल बोर्ड, हाईवे बोर्ड, भित्ते लेखन, डि.पि.एस. बोर्ड सम्बन्धी बिज्ञापन करको ठेक्का | १०००।- |

**पेश गर्नुपर्ने कागजातहरु :**

१. फर्म दर्ताको प्रमाणित प्रतिलिपी
२. मूल्य अभिबृद्धि करको प्रमाण पत्रको प्रतिलिपी
३. आ.व. ०७५/०७६ को कर चुक्ताको प्रतिलिपी
४. कबोल गरेको अंकले हुन आउने ३ प्रतिशत रकम यस कार्यालयको सिद्धार्थ बैक, कटुन्जे शाखामा रहेको धरौटी खाता नं. ०३६१५०३१७२१ मा जम्मा गरेको सक्कलै भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भएपछि कबुल अंकको एकमुष्ठ रकम कार्यालयमा बुझाउनु पर्नेछ । साथै अर्को आ.ब.को लागि आ.ब. शुरु हुने पहिलो हप्ता भित्र एकमुष्ठ रकम दाखिला गर्नु पर्नेछ ।
६. कालो सूचीमा परेको वा यस कार्यालयको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।
७ ठेक्काको समयाबधि सम्झौता भएको आ.व. बाट ३ बर्षको लागि हुनेछ साथै आ.ब.०७७।०७८ को कबोल अंक रु.............(अक्षेरुपी ................), आ.ब. ०७८।०७९ को कबोल अंक रु..............(अक्षेरुपी ............) र आ.ब. ०७९।०८० को कबोल अकं रु................(अक्षेरुपी.............) उल्लेख गर्नुपर्ने छ ।
८. संकलन गर्न पाउने दर : क. होडिङ बोर्ड/पोल बोर्ड/हाइवे बोर्ड (प्रति वर्ग फिट रु. ६०/- ख. भित्ते लेखन प्रति वर्ग फिट रु. २०/- ग. डि.पि.एस. बोर्ड प्रति वर्ग फिट रु. ४०/-
९. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । संघिय सरकार, प्रदेश सरकार र गाउपालिकाले समय समयमा दिएका दिर्देशनहरु पालना गर्नु पर्नेछ ।
१०.बोलपत्रका सम्बन्धमा थप केही बुझ्नु परेमा यस कार्यालयको *Website: www.roshi2073@gmail.com* मा सम्पर्क गर्न सकिनेछ ।



**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रे**
**फोन नं. ०११४१२११३**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७७/०३/३१)**

यस नगरपालिकाको विभिन्न मितिको सूचना बमोजिम मण्डनदेउपुर नगरपालिका भित्र रहेको तपसिल बमोजिमको योजनाहरुको निर्माण कार्यको लागि सिलबन्दी दरभाउपत्र माग भए बमोजिम प्राप्त दरभाउपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन समितिले मूल्याङ्कन गरी प्रक्रियागत रुपमा पेश गरेको प्रतिवेदन अनुसार सारभुत रुपमा प्रभावकारी रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (८४) को उपनियम(१०) को प्रयोजनार्थ सम्बन्धित प्रस्तावदाताहरुलाई जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं. | प्रस्तावको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 05/SQ/MDM/076/77 | हिगुवापाटी सोते बैकल्पिक सडक निर्माण | आरम्भ विल्डर्स प्रा.ली, मण्डनदेउपुर-१०, काभ्रे । | रु.१७,१६,५१०.६३ (सत्र लाख सोह्र हजार पाँच सय दश रुपैया पैसा त्रिसठ्ठी मात्र) |
| 06/SQ/MDM/076/77 | नर्सरी पौवाटार सडक निर्माण तथा स्तरोन्नती | सिजन एण्ड सिवानी कस्ट्रक्सन, बानेश्वर, काठमाडौ । | रु.१६,३७,४९७.१३ (सोह्र लाख सत्तीस हजार चार सय सन्तानब्बे रुपैया पैसा तेह्र मात्र) |
| 07/SQ/MDM/076/77 | ट्रेविज निर्माण | एरोन निर्माण तथा सप्लायर्स प्रा.ली., बानेश्वर, काठमाडौ । | रु.११,१६,८६३.८६ (एघार लाख सोह्र हजार आठ सय त्रिसठ्ठी रुपैया पैसा छयासी मात्र) |
| 08/SQ/MDM/076/77 | हिले पहिरो नियन्त्रण | आरम्भ विल्डर्स प्रा.ली,. मण्डनदेउपुर-१०, काभ्रे । | रु.१४,९७,१५९.६० (चौध लाख सन्तानब्बे हजार एक सय उनान्साठी रुपैया पैसा साठी मात्र) |
| 10/SQ/MDM/076/77 | वडा नं १ स्वास्थ्य सेवा केन्द्र निर्माण | सिजन एण्ड सिवानी कस्ट्रक्सन, बानेश्वर, काठमाडौ । | रु.१६,३५,०७३.५५(सोह्र लाख पैतिस हजार त्रिहत्तर रुपैया पैसा पचपन्न मात्र) |
| 11/SQ/MDM/076/77 | वडा नं ४ स्वास्थ्य सेवा केन्द्र निर्माण | आरम्भ विल्डर्सप्रा.ली, . मण्डनदेउपुर-१०, काभ्रे । | रु.१६,४२,०२२.६८ (सोह्र लाख बयालिस हजार बाइस रुपैया पैसा अट्सठ्ठी मात्र) |
| 12/SQ/MDM/076/77 | वडा नं ६ स्वास्थ्य सेवा केन्द्र निर्माण | फटिकेश्वर निर्माण सेवा, सिन्धुपाल्चोक । | रु.१५,८३,७८०.९९ (पन्ध्र लाख त्रियासी हजार सात सय असी रुपैया पैसा उनान्सय मात्र) |
| 13/SQ/MDM/076/77 | वडा नं ८ स्वास्थ्य सेवा केन्द्र निर्माण | एरोन निर्माण तथा सप्लायर्स प्रा.ली., बानेश्वर, काठमाडौ । | रु.१६,३९,९५७.३९ (सोह्र लाख उनान्चालिस हजार नौ सय सन्ताउन्न रुपैया पैसा उनान्चालिस मात्र) |
| 14/SQ/MDM/076/77 | वडा नं ९ स्वास्थ्य सेवा केन्द्र निर्माण | एरोन निर्माण तथा सप्लायर्स प्रा.ली., बानेश्वर, काठमाडौ । | रु.१६,३९,९५७.८१ (सोह्र लाख उनान्चालिस हजार नौ सय सन्ताउन्न रुपैया पैसा एकासी मात्र) |
| 15/SQ/MDM/076/77 | कश्येपेश्वर मन्दिर शौचालय निर्माण | आरम्भ विल्डर्सप्रा.ली, . मण्डनदेउपुर-१०, काभ्रे । | रु.१४,१७,६२१.४५ (चौध लाख सत्र हजार छ सय एक्काइस रुपैया पैसा पैतालिस मात्र) |
| 16/SQ/MDM/076/77 | वडा नं २ कार्यालय घेराबार तथा पर्यटकिय सडक स्तरोन्नती | एस.आर.टी. कस्ट्रक्सन, काभ्रे । | रु.१९,९१,३४८.२२ (उन्नाइस लाख एकानब्बे हजार तिन सय अट्चालिस रुपैया पैसा बाइस मात्र) |
| 17/SQ/MDM/076/77 | खोपकेन्द्र निर्माण वडा नं २ र ४ | इजी विल्डर्स, काभ्रे । | रु.१९,७०,५०२.५७ (उन्नाइस लाख सत्तरी हजार पाँच सय दुई रुपैया पैसा सन्ताउन्न मात्र) |
| 18/SQ/MDM/076/77 | खोपकेन्द्र निर्माण वडा नं ९ र १२ | जनक निर्माण सेवा । | रु.१९,१०,०९५.२६ (उन्नाइस लाख दश हजार पन्चानब्बे रुपैया पैसा छब्बिस मात्र) |
| 19/SQ/MDM/076/77 | खोप केन्द्र निर्माण वडा नं १ र ६ | जनक निर्माण सेवा । | रु.१६,७६,२४४.८९ (सोह्र लाख छयाहत्तर हजार दुई सय चौवालिस रुपैया पैसा उनान्नब्बे मात्र) |
| 20/SQ/MDM/076/77 | चण्डेनी खोप केन्द्र तथा सहरी स्वास्थ्य क्लिनिक निर्माण वडा नं १० | जनक निर्माण सेवा । | रु.९,४७,८२३.६७ (नौ लाख सत्चालिस हजार आठ सय तेइस रुपैया पैसा सत्सठ्ठी मात्र) |
| 21/SQ/MDM/076/77 | देउपुर नाल्दुम सडक नाली निर्माण तथा ग्रावेल | सिजन एण्ड सिवानी कस्ट्रक्सन,. बानेश्वर, काठमाडौ । | रु.१४,४६,२३१.८४ (चौध लाख छयालिस हजार दुई सय एकतिस रुपैया पैसा चौरासी मात्र) |
| 22/SQ/MDM/076/77 | कश्येपेश्वर मन्दिर गेट, प्रतिक्षालय निर्माण | पाँचखाल कन्स्ट्रक्सन,. काठमाडौ । | रु.१९,५१,८८८.६१ (उन्नाइस लाख एकाउन्न हजार आठ सय अठासी रुपैया पैसा एकसठ्ठी मात्र) |
| 24/SQ/MDM/076/77 | सोलार बत्ती खरिद | सन सोलार सोलुसन, काठमाडौ । | रु.१९,३१,३४२.८० (उन्नाइस लाख एकतिस हजार तिन सय बयालिस रुपैया पैसा असी मात्र) |
| 25/SQ/MDM/076/77 | तारजाली खरिद | बागमती तारजाली उद्योग प्रा.ली.,नुवाकोट । | रु.१४,७९,१७०.०० (चौध लाख उनान्असी हजार एक सय सत्तरी रुपैया मात्र) |
| 26/SQ/MDM/076/77 | चुरिथुम्का खोप केन्द्र निर्माण | एस.आर.टी. कस्ट्रक्सन, . काभ्रे । | रु.६,१८,९६२.०७ (छ लाख अठार हजार नौ सय बैसठ्ठी रुपैया पैसा सात मात्र) |
| 27/SQ/MDM/076/77 | बैकल्पिक सडक आँशीखोला क्रसिंग निर्माण | एरोन निर्माण तथा सप्लायर्स प्रा.ली., बानेश्वर, काठमाडौ । | रु.१९,५२,१८६.०३ (उन्नाइस लाख बाउन्न हजार एक सय छयासी रुपैया पैसा तिन मात्र) |
| 28/SQ/MDM/076/77 | तपेश्वर खोप केन्द्र निर्माण | इजी विल्डर्स, काभ्रे । | रु.६,२०,५०६.७६ (छ लाखविस हजार पाँच सय छ रुपैया पैसा छयाहत्तर मात्र) |
| 29/SQ/MDM/076/77 | ठकुरीगाँउ शौचालय निर्माण | एस.आर.टी. कस्ट्रक्सन, काभ्रे । | रु.६,१८,७६६/१२ (छ लाख अठार हजार सात सय छैसठ्ठी रुपैया पैसा बाह्र मात्र) |

# चन्द्र ढकालको प्यानलसहित उम्मेदवारी घोषणा

मध्यान्ह संवाददाता
काठमाडौं, ३० असार




नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)का एसोसिएट्स उपाध्यक्ष चन्द्र ढकालको प्यानलले उम्मेदवारी घोषणा गरेका छन् । ढकालको प्यानलमा एसोसिएट्स उपाध्यक्षमा रामचन्द्र सांघाई, वस्तुगत उपाध्यक्षमा उमेशलाल श्रेष्ठ तथा जिल्ला र नगर उपाध्यक्षमा गुणनिधि तिवारी रहेका छन् । महासंघको चुनावका लागि अर्का दावेदार किशोर प्रधान रहेका छन् । वरिष्ठ उपाध्यक्ष पदका लागि हाल यी दुईबिच प्रतिस्पर्धा हुने देखिएको छ । प्रधानले पनि आफ्नो प्यानल तयार पारिसकेका छन् । उनी हालको कार्यसमितिमा जिल्ला र नगर उपाध्यक्ष हुन् ।

किशोर प्रधानको प्यानलमा एसोसिएट्स उपाध्यक्षमा सौरभ ज्योति, वस्तुगत उपाध्यक्षमा अञ्जन श्रेष्ठ र जिल्ला र नगर उपाध्यक्षमा दिनेश श्रेष्ठले उम्मेदवारी घोषणा गरिसकेका छन् । यद्यपि प्यानलको औपचारिक घोषणा भने हुन बाँकी नै छ । महासंघको विधानमा गरिएको व्यवस्था अनुसार अघिल्लो कार्यकालको वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम अबको कार्यकालको जिम्मेवारी हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छालाई हस्तान्तरण हुनेछ । त्यसबाहेक वरिष्ठ उपाध्यक्ष, एशोसिएट्स, वस्तुगत र जिल्लारनगरको तर्फ गरी तीनजना विषयगत उपाध्यक्ष तथा ६५ जना कार्यकारिणी सदस्यका लागि भने निर्वाचन हुनेछ । चार महिना ढिलो गरी हुन लगेको महासंघको ५४ औं वार्षिक साधारण सभा र आफ्नो प्यानललाई विजय गराउन दुबै प्यानल देश दौडाहमा लागेका छन् ।

मंगलबार प्यानलको उम्मेदवारी घोषणा गर्दै एशोसिएट्स उपाध्यक्ष ढकालले आफुले सहयोग नगरेको भए शखेर गोल्छाको महासंघको अध्यक्ष बन्ने सपना सपनामै सिमित हुने समेत खुलासा गरेका छन् । ढकालले मंगलबार आफ्ना प्यानलको उम्मेदवारी घोषणा गर्दै केही समय अघि आफुले गतिलो लविङ नगरिदिएको भए शेखर गोल्छा अहिले महासंघको अध्यक्ष बन्न सक्ने दावी गरेका हुन् । हाल आफ्नो नेतृत्वमा व्यावसायिक र गतिशिल टीम रहेको जानकारी दिँदै सो निर्वाचनमा सहज रुपमा जित हासिल गर्ने बताए । 'यो टीम उद्योग वाणिज्यको क्षेत्रमा, सरकारसँग पोलिसी डाइलगको क्षेत्रमा, सरोवारवाला र साझेदारसँग साझेदारी गर्ने सवालमा एक र एक जोडेर दुई होइन्, एक र एक जोडेर एघार बन्नेछ,' उनले भने, 'मैले यो मञ्चबाट शेखरजीलाई एउटा प्रश्न के सोध्न चाहन्छु भने हामीले वरिष्ठ उपाध्यक्षलाई स्वतः अध्यक्ष बनाउने प्रस्ताव किन पारित गरेका थियौं ? त्यसको मर्मलाई अहिले कसले मार्दैछ ?, त्यो के का लागि ?' यसैगरी कार्यक्रममा जिल्ला नगरतर्फका उपाध्यक्षका उम्मेदवार गुणनिधी तिवारीले अहिले उद्योग व्यवसायीहरु धेरै ठूलो समस्यामा रहेको जानकारी दिँदै महासंघलाई साना, मझौलादेखि ठूला सबै खाले व्यवसायीको साझा चौतारी बनाउन पहल गरिने बताए । साथै आफुले महासंघका जितेर गएपश्चात जिल्ला नगर उद्योग वाणिज्य संघको क्षमता अभिवृद्धिका लागि कोष खडा गरेर अघि बढ्ने बताए । कार्यक्रममा बस्तुगततर्फका उपाध्यक्षका उम्मेदवार उमेशलाल श्रेष्ठले चन्द्र ढकाल नेतृत्वको टीम समावेशी र प्रतिस्पर्धी रहेको जानकारी दिँदै सो टीमले मात्र महासंघको नेतृत्व गर्न सक्ने बताए । यसैगरी एशोसिएट्सतर्फका उपाध्यक्षका उम्मेदवार रामचन्द्र संघईले आफुसँग सानादेखि ठूला उद्योगसम्म सफल रुपमा संचालन गरेको अनुभव र महासंघमा पनि डेढ दशकभन्दा बढी केन्द्रिय सदस्य पदमा रहेर काम गरेको अनुभव भएको भन्दै सोही अनुरुप व्यवसायीक मुद्दाहरुलाई सम्बोधन गर्न लागिपर्ने बताए । कार्यक्रममा महासंघ पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य चण्डीराज ढकालले चन्द्र ढकाल नेतृत्वको टीमको जित सुनिश्चित रहेको जानकारी दिँदै चुनावी मिति मात्र कुर्न बाँकी रहेको बताए । 'यस्तो विषम परिस्थितीमा पनि मंगलबारको माहोल हेर्दा चन्द्र ढकाल नेतृत्वको टीमले चुनाव जितिसमेको छ ।'

# जोरपाटी–सुन्दरीजल सडक मंसिरसम्ममा बन्ने



**काठमाडौं / मस**-जोरपाटी-सुन्दरीजल सडक आगामी मङ्सिरसम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । विस्तारको क्रममा रहेको सडक उपलब्ध चौडाइमै कालोपत्र गर्न लागिएको हो । लामो समयदेखि तोकिएको मापदण्ड २२ मिटर कायम गर्नका लागि प्रयास भए पनि नसकिएपछि अहिलेकै अवस्थामा कालोपत्र गर्न लागिएको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ । सो सडकमा उपलब्ध चौडाइमै कालोपत्र गर्दा कतै १२ मिटर त कतै २० मिटरसम्म कायम हुने आयोजना प्रमुख गुरु अधिकारीले जानकारी दिए । सरकारले केही समय पहिले मात्रै काठमाडौं उपत्यका विस्तारका क्रममा रहेका सडक उपलब्ध चौडाइमै कालोपत्र गर्ने निर्णय गरेको थियो । उनले भने, "सोही निर्णयका आधारमा कालोपत्र गर्न लागिएको हो ।"

सडक विस्तारकै लागि आयोजनाले बन्दाबन्दी समयमा समेत आवश्यक तयारीको काम गरिरहेको थियो । यहाँ रहेका ६७ रुख हटाइएको आयोजनाले जनाएको छ । अत्तरखेलमा रहेका झण्डै १५० घर हटाउन नसकिने हुनाले त्यस क्षेत्रमा सडकको चौडाइ कम हुने आयोजना प्रमुख अधिकारीले बताए । उनले भने, "जुन ठाउँमा जति उपलब्ध छ त्यति गर्दा कतै बढी र कतै कम हुने देखिन्छ ।"

विस्तारका क्रममा रहेको सडकमा मर्मतसमेत नहुँदा स्थानीयवासी हैरानी भोग्दै आएका थिए । सडकमा खाल्डोका कारण वर्षाको समयमा आवतजावतमा कठिनाइ भएको स्थानीयवासी बताएका छन् ।

# शेयर बजारमा सामान्य वृद्धि, २ कम्पनीको शेयरमूल्यमा पोजीटिभ सर्किट




**काठमाडौं / मस**-धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक मंगलबार ५.०४ अङ्कले उकालो लागेर एक हजार ३४७.४४ मा पुगेको छ । यस्तै सेन्सेटिभ परिसूचक १.९५ ले वृद्धि भई २४८.१८ मा पुगेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार कुल १८६ कम्पनीका २५ लाख ६८ हजार १२४ कित्ता शेयर रु ९९ करोड ४५ लाख ४५ हजार १० ९ मा खरिदबिक्री भए । कारोबार भएका कूल १२ मध्ये मंगलबार पाँच उपसमूहको शेयरमा वृद्धि भएको छ भने सात उपसमूहको शेयर ओरालो लागेको छ । बैंकिङ ४.०९, होटल ५५.२९, जलविद्युत् २.९५, लघुवित्त ६४.९४ र सामूहिक लगानी कोष ०.१२ ले वृद्धि भएको छ । यस्तै व्यापार १४५७, विकास बैंक १.६९, वित्त ४.७५, निर्जीवन बीमा ६.४१, उत्पादन २३.९७, अन्य २ र जीवन बीमा १९.४३ले घटेको छ । कारोबारका आधारमा पुनर्बीमा कम्पनी शीर्ष स्थानमा रह्यो । सो कम्पनीको शेयर रु ११ करोड १० लाख १२ हजार २४३ बराबरको कारोबार भयो । यस्तै एनएमबी बैंक रु छ करोड ८६ लाख ८८ हजार १७६, नेपाल लाइफ इन्स्योरेन्स रु पाँच करोड एक लाख ६३ हजार ५३४, एनआइसी एशिया रु चार करोड ७६ लाख ४२ हजार ४०६, छिमेक लघुवित्त विकास बैंक रु चार करोड ११ लाख ८८९, साना किसान विकास बैंक रु तीन करोड ९९ लाख ८० हजार ६४७, हिमालयन डिष्टिलरी रु तीन करोड ६५ लाख ८२ हजार ६१६ र नविल बैंकको शेयर रु दुई करोढ २३ लाख ५९ हजार ३३० मा कारोबार भयो ।

मंगलबार सबैभन्दा बढी एनआइसी एसिया ब्यालेन्स फण्ड र एनआइसी एसिया लघुवित्त वित्तीय संस्थाको शेयरधनीले सामान १०/१० प्रतिशतले कमाए । यस्तै नवीन ब्यालेन्स फण्ड-२ ९.९९, नेपाल सेवा लघुवित्त ९.९७, घोडाघोडी लघुवित्त ९.९५, गुराँस लघुवित्त ९.९०, महिला सहयात्रा माइक्रोफाइनान्स ९.८० र नविल इक्विटी फण्डका लगानीकर्ताले ९.०३ प्रतिशतले कमाए ।

यस्तै समृद्धि फाइनान्स कम्पनी ६.६७, राधी विद्युत् कम्पनी ५.०३, युनाइटेड फाइनान्स ४.०७, मल्टीप्रपोज फाइनान्स ३.६७, विसाल बजार कम्पनी ३.६६, हिमालयन पावर पार्टनर ३.६२, माउन्टेन हाइड्रो ३.६१ र सप्तकोशी डेभलपमेन्ट बैंकका लगानीकर्ताले ३.०२ प्रतिशतले गुमाए ।

# भूमिहीन भूकम्पपीडितलाई पूर्जा उपलब्ध गराइनेबारे छलफल



**काठमाडौं / मस**-राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र भूमि सम्बन्धी समस्या समाधान आयोगबीच भूमिहीन भूकम्पप्रभावित लाभग्राहीलाई जग्गाधनी पूर्जा उपलब्ध गराउने सम्बन्धमा छलफल भएको छ । मंगलबार ताहचलस्थित आयोग कार्यालयमा पर्ति, ऐलानी, हैसियत बिग्रेका वनक्षेत्रमा घर बनाउने अनुमति पाएका भूमिहीन तथा मोही, स्ववासी, गाउँ एवं शहरी व्लक लगायतका लाभग्राहीहरुलाई जग्गाधनी पूर्जा दिनेबारे छलफल भएको हो । छलफलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले ३२ वटा भूकम्प प्रभावित जिल्लामा घर निर्माण गर्न सहमति पाएका परिवारहरुलाई जग्गा प्राप्तिको सुनिश्चितताको लागि प्रक्रिया थाल्न आग्रह गरेका छन् । प्राधिकरणले स्थानीय तहको सिफारिस र जिल्ला समन्वय समितिको स्वीकृतिअनुसार १० हजारभन्दा बढी भूमिहीनसहितका लाभग्राहीलाई घर निर्माणको अनुमतिसहित अनुदान उपलब्ध गराएको छ ।

स्थानीय तहले भूमिहीन लाभग्राहीलाई आवास निर्माणका लागि घरले चर्चेसम्मको जग्गा आवास निर्माण प्रयोजनका लागि जिल्ला समन्वय समितिलाई सिफारिस गर्छ । संघीय संसदका सांसदको अध्यक्षतामा रहेको समन्वय समितिले पछि ठहरेबमोजिम हुनेगरी घर निर्माणका लागि अनुमति दिन्छ । प्राधिकरणले आफ्नो व्यवस्थापन सूचना प्रणालीमा रहेको भूमिहीनलगायतका त्यस्ता भूकम्प प्रभावित लाभग्राहीहरुको तथ्यांक आयोगलाई उपलब्ध गराउने छ । भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष देवी ज्ञवालीले प्राधिकरणको तथ्यांक तथा अनुभव भूमिहीन नागरिकका समस्या समाधानका लागि महत्वपूर्ण हुने धारणा राखे । उनले अगामी दिनमा प्राधिकरणसँग समन्वयमा रहेर काम गर्ने पनि बताए ।

स्थानीय तहको सिफारिस र जिल्ला समन्वय समितिको स्वीकृतिअनुसार घर निर्माण गरेका लाभग्राहीहरुको सम्बन्धित जग्गाको स्वामित्वको छानविन तथा अन्तिम निर्णय आयोगको नै हुनेछ । भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरण गर्नका लागि सरकारले २०७६ चैत्रमा आयोग गठन गरेको थियो ।

# कलकत्ताका महावाणिज्य दूतसँग एफएनसीसीआईको आग्रह



**काठमाडौं / मस**-नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा र कलकत्ताका लागि नवनियुक्त नेपाली महावाणिज्यदूत ईश्वरराज पौडेलबीच महासंघ सचिवालयमा औपचारिक भेटवार्ता भएको छ । उक्त अवसरमा महासंघको रोजगारदाता परिषद्का सभापति एवं उपाध्यक्ष चन्द्रप्रसाद ढकाल र महासंघका महानिर्देशक धरणीधर खतिवडाको सहभागिता थियो । आफ्नो कार्यभार सम्हाल्न त्यसतर्फ जानुअघि महासंघका पदाधिकारी र नवनियुक्त नेपाली महावाणिज्यदूत बीच औपचारिक भेटवार्ता भएको हो । भेटवार्तामा नेपाल भारत व्यापार तथा पारवहन, नेपाली कृषि उत्पादनहरूको भारत निर्यातमा सहजीकरण, गैह्र भंसार अवरोध, दुवै देशका प्रादेशिक सरकार बीचको अन्तर सम्बन्ध विस्तार, आइसीपीहरूको निर्माण तथा प्रभावकारी उपयोग, कन्कर र सिपिङ कम्पनीहरूको एकाधिकार, नेपालका लागि पैठारी गरिएका तेस्रो मुलुकको बल्क कार्गोका लागि स्थान विस्तारलायतका विषयमा छलफल भएको थियो । यस्तै भेटघाटमा कन्टेनरको बिलम्व चार्जका कारण नेपाली आयातकर्तालाई परेका समस्या एवं तिनको निराकरण लगायतका विषयमा समेत छलफल हुनुका साथै यी विषयहरूमा महावाणिज्यदूतबाट सक्दो सहयोगको अपेक्षा महासंघका तर्फबाट सो अवसरमा गरिएको थियो । सो अवसरमा नवनियुक्त महावाणिज्यदूत पौडेलले नेपालको आयात निर्यात व्यापारलाई सहजीकरण गर्ने बताएका छन् । उनले छलफलमा बन्दरगाहको प्रयोगमा नेपाली व्यवसायीहरूले भोग्नु परेका समस्या समाधान एवं नेपालको भारत निर्यात प्रवर्द्धनमा आफूले सक्दो सहयोग गर्ने उल्लेख गरे । उनले नेपाली निजी क्षेत्रसंग नजिकमा रहेर कार्य गर्ने प्रतिवद्धता समेत जनाएका छन् ।

# प्राईम लाईफका लगानीकर्ताले १२ प्रतिशत बोनस सेयर पाउने

**काठमाडौं / मस**-जीवन बीमा व्यवसाय गर्ने प्राइम लाइफ इन्स्योरेन्स कम्पनीले १२ औं वर्षिक साधारणसभा सम्पन्न गरेको छ । कम्पनीले सो साधारणसभाबाट आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरणहरु पारित गरेको हो । कम्पनीको चुक्तापुँजी २ अर्ब ७९ लाख रहेको छ । चुक्ता पूँजीको १२.५ प्रतिशत बोनस सेयर प्रदान गर्ने निर्णय पनि साधारणसभाले गरेको छ । कम्पनीले उक्त बोनश शेयर वितरण गरे पश्चात कम्पनीको चूक्तापूजी २ अर्ब २५ करोड रुपैयाँ पुग्ने भएको छ ।

# सगरमाथा ईन्स्योरेन्सको सीईओमा चंकी क्षेत्री नियुक्त



**काठमाडौं / मस**- सगरमाथा इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृतमा चंकी क्षेत्री पुनःनियुक्ति भएका छन् । उनको कार्यकाल असार असार १८ गतेदेखि नै समाप्त भएकोमा कम्पनीमा सिइओ पद रिक्त रहेकोमा फेरी कम्पनीले क्षेत्रीलाई वियुक्त गरेको हो ।

कम्पनीको जेठ २२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार बीमा समितिबाट असार १७ गते चंकी क्षेत्रीलाई पुनः सिइओमा नियुक्ति गर्ने स्वीकृत अनुसार उनलाई ४ वर्षको लागि पुनः नियुक्ति गरेको हो ।

त्यस्तै, बीमा कम्पनीको असार २५ गते बसेको संचालक समितिको बैठकबाट कम्पनीको सिईओको रुपमा क्षेत्रीलाई असार १८ गतेदेखि नै लागु हुनेगरी नियुक्त गरिएको जनाएको छ ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना
यस मध्यान्ह मिडिया प्रा.लि.मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०७७ असार मसान्तभित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि. को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।
लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ